# मधुवन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ | संख्या : ५ | प्रमाणिकरण मिति : २०७६/९/८

प्रकाशन मिति :२०७६/९/९


## भाग - २

मधुवन नगरपालिका

### नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**१-प्रशतावना**

नेपाली समाजमा बिभिन्न कारणले एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको रेखामुनी रहेका परिवारहरुको आर्थिक अवस्था विभिन्न कारणहरुले राम्रो हुन सकेको छैन । जसले गर्दा समाजमा हुने बिभिन्न बिकास निर्माणका निर्णय प्रकृयाहरुमा निजहरुको न्यून सहभागिता देखिन्छ । यस नगरपालिकाले यस्ता मानिस भएका परिवारहरुको आयआर्जनमा विषेश ध्यान दिन पशुपन्छी पालनको माध्यमबाट आयआर्जन गराउन आ.व. २०७६/२०७७ को बजेट मार्फत यो कार्यक्रमको सुरुवात

गरिएको छ ।एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको रेखामुनीरहेका परिवारलाई पशुपन्छी पालन, पशुजन्य पदार्थ विक्रि वितरण, प्रशोधन तथा पशुपन्छी र माछा पालनसँग सम्बन्धित व्यवसायमा सरीक गराई स्वरोजगार प्रवर्द्धन गर्ने उद्देश्यले यो **नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम यो कार्यक्रमकार्यान्वयन कार्यविधि तयार गरिएको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "**नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" रहेको छ ।

(ख) यो कार्यविधि मधुवन नगरकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले "**नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६**" सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले मधुवन नगरपालिका र "नगरकार्यपालिका" भन्नाले मधुवन नगरकार्यपालिकासम्झनु पर्दछ ।

(ग) "आर्थिक विकास समिति" भन्नाले मधुवन नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले मधुवन नगरकार्यपालिकाको पशु सेवा शाखा र "कार्यक्रम" भन्नाले मधुवन नगरसभाबाट स्वीकृत भएका पशु सेवा संवन्धि कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) "सेवा केन्द्र" भन्नाले पशु सेवा शाखा मातहतमा मधुवन नगरपालिकाक्षेत्रमा संचालित पशु सेवा संवन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

(च) "पशु विकास समन्वय समिति" भन्नाले कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि "पशु सेवा कार्यक्रमहरु सञ्चालन निर्देशिका-२०७६" बमोजिमका पदाधिकारी रहने गरी नगर स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नाले पशु सेवा शाखा/केन्द्रबाट कार्यक्रममा व्यवस्था भए अनुसार अनुदान, पशु उत्पादनमा प्रयोगहुने बस्तु, सामाग्रि तथा उपकरणहरु र सेवा प्राप्त गर्ने बिभिन्न कारणले एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको रेखामुनी रहेका परिवारहरु,समुह/समिति/उद्यमी/निजी व्यवसायसमेतलाई जनाउँछ ।

(ज) "एकल महिला" भन्नाले आर्थिक रुपले देहायका महिला सम्झनु पर्दछ ।

- सम्बन्ध विच्छेद गरेकी महिला ।
- विधवा महिला ।

- ३५ बर्ष उमेर पुरा गरेकी अविबाहित महिला ।
- पाँच बर्ष भन्दा बढी समय देखि पति हराएको वा बेपत्ता भएको महिला ।

(झ) "विपन्न दलित" भन्नाले नेपाल सरकारले दलितको सुचिमा राखेका थरहरु मध्ये आर्थिक रुपले पछि परेका घर परिवारलाई जनाउछ ।

(ञ) "असहाय" भन्नाले सहरा विहिन अपाङ्ग, आर्थिक रुपमा पछाडि र सहरा विहिन पुरुष, बुढाबुढी लगायतका परिवार जुन आर्थिक रुपमा पछाडि र सहारा बिहिन छन् त्यस्ता परिवारलाई जनाउछ ।

(ट) "गरिव" भन्नाले आर्थिक रुपमा पछाडि भएको न्युनतम आयश्रोत नभएको परिवारलाई जनाउछ ।

**(४) कार्यक्रम सञ्चालन हुने वार्डहरु-**

मधुवन नगरपालिका बर्दियाका १ देखि ९ सम्मका वार्डहरु ।

**(५) कार्यक्रमका विषयगत क्षेत्रहरु-**

- बाखा पालन कार्यक्रम- बाखा खरिद, खोर निर्माण, खोप, आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ । एक कृषकले १-२ पाठापाठी तथा बाखा कम्तीमा १८ के.जी. जिउदो तौल र प्रजनन योग्य उमेर पुगेको खरिद गर्नुपर्नेछ ।
- बंगुर पालन कार्यक्रम- बंगुरका पाठापाठी खरिद, खोप, आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ । एक सदस्यले दुई पाठापाठी कम्तीमा ४५ दिनको खरिद गर्नुपर्नेछ ।
- कुखुरा पालन कार्यक्रम- प्रति कृषक कुखुराको २५-देखि १५० चल्ला खरिद गरी वितरण, खोर निर्माण, , खोप, आहारा र परजिवि नियन्त्रण कार्यका लागि सहयोग गरिनेछ ।

**(६) कार्यक्रम सञ्चालन प्रकृया-**

- मधुवन नगरपालिका महिला विकास शाखा अन्तरगत सूचिकृत भएका/दर्ता भएका/ समुहमा आबद्ध भएका बभिन्न कारणले एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको रेखामुनी रहेका परिवारहरु बाट कार्यक्रमको विवरण सहित अनसूची १ बमोजिम १५ दिने निबेदन माग सूचना आह्वान गर्ने । अनुसूची २ बमोजिम निबेदन लिने, वा उक्त बर्गहरुको पशु सेवा शाखा/ पशु सेवा केन्द्रबाट समुह गठन गरी तोकेको नर्म्स स्वीकृत कार्यक्रम, बजेट को परिधि भित्र रहि कार्यक्रम लागन स्वीकृत गराई कार्यक्रम गर्ने ।
- निर्देशिका बमोजिम गठन भएको पशु विकास समन्वय समिति लगायत सम्बधित नगरपालिका मार्फत अनुगमन गरी निबेदकको छनौट निर्णय गर्ने ।
- कार्यक्रम कार्यान्वयन सम्झौता गर्ने । बाखा/बंगुरको हकमा अनिवार्य विमा गराउने ।
- संलग्न विल भरपाई र सिफारिसको आधारमा भुक्तानी दिने । पे.फ. गर्ने ।
- नियमित अनुगमन गरी प्रतिबेदन पेश गर्ने, प्राबिधिक सहयोग र उपचार गर्ने ।
- समुह कठन गर्नु पर्दा कम्तीमा ५ देखि २० जना सम्म हुनेछन् ।

**(७) आर्थिक नर्मस:**

- बाखा पालन कार्यक्रम
  बाखा खरिद- प्रति बाखा ५ देखि १० हजार ।
  खोर सुधार- प्रति खोर ५ देखि १० हजार ।
- कुखुरा पालन कार्यक्रम-
  लोकल तथा गिरिराज कुखुरा चल्ला खरिद प्रति चल्ला- २००-५००
  खोर सुधार- प्रति खोर ५ देखि १० हजार ।
- बंगुर पालन कार्यक्रम-
  बंगुरका पाठापाठी खरिद प्रति पाठापाठी ५ देखि ६ हजार ।
  खोर सुधार- प्रति खोर ५ देखि १० हजार ।
- समुह गठन गरी अभिमुखिकरण- १५०००

नोट-औषधि खरिद, घाँस तथा आहारा विकास, परजिवि नियन्त्रण, खोप सञ्चालन लगायतमा खर्च गर्न सकिनेछ ।

**(८) थपघट र हेरफेर गर्न सक्ने**

- यो कार्यबिधिको कार्यान्वयनलाई थप ब्यवथित र प्रभावकारी बनाउन नगर कार्यपालिकाले आवश्यक्ता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।
- यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि नगर कार्यपालिकाले आवश्यक्ता अनुसार ब्याख्या गर्न सक्नेछ ।
- यस कार्यबिधिमा नसमेटिएका बुदाहरुको हकमा पशु विकास समन्वय समितिको निर्णय र प्रचलित ऐन,कानुन अनुसार हुनेछ ।

### अनुसूची-१

## नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रमको निबेदन माग सूचनाको ढाँचा

## सूचना । सूचना ॥ सूचना ॥।

**मितिः**

यस मधुवन नगरपालिका पशु सेवा शाखाको आ.व. २०..../....को बार्षिक स्वीकृत कार्यक्रम अनुसार केहि बभिन्न कारणले एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको रेखामुनी रहेका परिवारहरुलाई **नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रमको** माध्यमबाट आयआर्जन गरी स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुदा यस मधुवन नगरपालिका अन्तरगतका वार्ड न १ देखि ९ सम्मका ईच्छुक बिभिन्न कारणले एकल रुपमा रहेका महिला, विपन्न दलित, असहाय, गरिवीको

रेखामुनी रहेका परिवारका सदस्यहरु बाटमाग निबेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आबेदन फाराममा दरखास्त दिनु होला । पुनश्चः आबेदन साथ तपशिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचना द्वारा सूचित गरिन्छ ।

तपसिलः

कार्यक्रमः बाखा वितरण कार्यक्रम ................बाखा ।

कुखुरा चल्ला वितरण कार्यक्रम .................चल्ला ।

बंगुरका पाठापाठी वितरण कार्यक्रम .............पाठापाठी ।

बंगुर/बाखा/कुखुरा खोर सुधार कार्यक्रम ..........गोटा ।

**संलग्न गर्नु पर्ने कागजातहरु -**

- अनुसूची २ अनुसारको माग निबेदन ।
- नेपाली नागरिक्ताको आफैबाट प्रमाणित प्रतिलिपि ।
- वडा कार्यालयको सिफरिस पत्र ।
- पशु सेवा केन्द्र कार्यालयको सिफरिस पत्र ।

शाखा प्रमुख

## अनुसूची-२

## नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागि दिईने निबेदन-पत्र

श्री मान् प्रमुख ज्यू<br>मधुवन नगरपालिका<br>पशु सेवा शाखा<br>बर्दिया ।

मितिः

बिषय- नगर उप-प्रमुख असहाय सहायता आयआर्जन कार्यक्रममा सहयोग उपलब्ध गराई दिने बारे ।

महोदय,

मलाई उक्त  सहयोग प्राप्त गरी कुखुरा पालन/बाखा पालन .....................कार्य गर्न तिब्र ईच्छा भएकाले निम्नानुसार कागजात राखी निबेदन गर्दछु । मैले सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित वडा भित्रै रही कार्य गर्नेछु । साथै तपसिल अनुसारका कागजातहर यसै निबेदन साथ संलग्न राखेको ब्यहोरा समेत अनुरोध गर्दछु ।

निबेदकः

नामः

ठेगानाःटोल सहित

फोन नः

९- नगर उप-प्रमुख यो कार्यक्रमको संरक्षकको रुममा हुनु हुनेछ ।

आज्ञाले

गोपालराज तिमिल्सिना

प्रमुख प्रशासकीय अधिकृत